आज मिति २०८१ साल मंसिर १२ गतेका दिनको १:०० बजे झिमरुक गाउँ कार्यपालिकाको आ.व. २०८१/८२ को पाँचौ बैठक झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| हस्ताक्षर | नाम | पद |
|---|---|---|
| | पित बहादुर महतरा क्षेत्री | झिमरुक गाउँ कार्यपालिका अध्यक्ष |
| | प्रमोद पोखेल | झिमरुक गाउँ कार्यपालिका उपाध्यक्ष |
| | युवराज खनाल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण प्रसाद पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | मिनबहादुर खत्री | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | सिताराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | दधिराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | धन बहादुर पुन | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण बहादुर जि.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलस बहादुर बस्नेत | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | संगिता परियार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | पार्वता बि.क. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलसा के.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कल्पना थापा (एम.सी.) | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | चोप बहादुर बि.क | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | हरी सुनार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | रण बहादुर खड्का | ३ नं. वडा का.वा. अध्यक्ष |
| | कृष्ण बहादुर थापा | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) |
| | हरि प्रसाद पोखेल | अधिकृत छैठौं (प्रशासन) |
| | पिताम्बर मरासिनी | अधिकृत छैठौं (लेखा) |
| | दामोदर उपाध्या | का.स |

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. १ गत बैठकको समिक्षा सम्बन्धमा ।**
**निर्णय नं १**

प्रस्ताव न १ माथि छलफल गर्दा झिमरुक गाउँ कार्यपालिकाको मिति २०८१/७/७ गते बसेको चौथो बैठकबाट आ.व. २०८१/८२ को लागि शिक्षण सिकाई अनुदानतर्फको संघीय सशर्त अनुदानको रुपमा प्राप्त भएको रकमबाट अनुदान कोटा बाँडफाँट गरिएकोमा शिक्षक व्यवस्थापनको प्रक्रिया अगाडि बढि रहेको, झिमरुक रिङरोडको ठेगाना निश्चित गर्न सिफारिस माग गर्ने निर्णय गरिएकोमा सम्बन्धित मन्त्रालय र कार्यालयमा पत्रचार गरिएको, चालु आ.व.को आयोजनाहरुको प्रगति समिक्षा गरिएकोमा यस अवधिसम्मको उल्लिखित प्रगति नदेखिएको हुँदा आयोजना सञ्चालनको कार्य सबै वडा कार्यालयहरुले छिटो अगाडि बढाउने, मदिरा बेचबिखनमा देखिएको बेथितिको विषयमा विज्ञप्ति मार्फत जानकारी गराउने निर्णय अनुसार जानकारी गराईएको, विमा सम्बन्धी अन्तरक्रिया, राजनैतिक दलहरुसँग समसामयिक बैठक, आ.व. २०८०/८१ को सार्वजनिक सुनवाई कार्यक्रमको मिति तय गरिएकोमा निर्धारित समयमा नै उल्लिखित कार्यक्रमहरु भव्य रुपमा सम्पन्न गरिएको, विभिन्न कार्यविधिहरुको मस्यौदा तयारी गर्ने निर्णय अनुसार सम्बन्धित शाखाहरुबाट मस्यौदा तयारी भई विधेयक समितिमा पठाईएको, जरिवाना छुट गरी प्राईभेट फर्म नविकरण गर्ने निर्णय गरिएकोमा सो को जानकारीको लागि सार्वजनिक सूचना जारी गरिएको, कक्षा ११ र १२ सञ्चालन भएका सत्य मा.वि. तुषारा र सर्वोदय मा.वि.गडेरपानीमा थप अनुदान पठाउने निर्णय गरिएकोमा थप अनुदान पठाउने प्रक्रियामा रहेको, तिहार अगाडि नै मुख्य वजार अनुगमन गर्ने निर्णय अनुसार झिमरुक गा.पा.को मुख्य बजार मच्छी र ढाड क्षेत्रको वजार अनुगमन मिति २०८१/७/१३ गते गरिएको, झिमरुक खोला झिमरुक, गर्तङ्ग दोभान, छाप्रे झिमरुक-५ (खण्ड नं.-३) अन्तर्गत नदी जन्य पदार्थ संकलन, उत्खनन अमानतबाट गर्ने निर्णय अनुसार ५ नं. वडा कार्यालयलाई सोको जिम्मा दिईएको, गत आ.व.को अस्थाई प्रहरी पोष्ट झिमरुक-१, सौतामारेको घरभाडा रकम भुक्तानी गर्ने निर्णय गरिएकोमा सो रकम भुक्तानी गरिएको लगायतका विषयमा समिक्षा गरियो ।

**प्रस्ताव नं. २ स्थानीय साझेदारीमा विद्यालय भवन निर्माण अनुदान कार्यक्रम सम्वन्धमा ।**
**निर्णय नं २**

प्रस्ताव नं.२ माथि छलफल गर्दा विद्यालय भौतिक निर्माण सम्वन्धी मापदण्ड, २०८० को दफा ६ मा व्यवस्था भए वमोजिम झिमरुक गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुको भौतिक एवं प्राविधिक पक्षहरुको अध्ययन, अनुगमन गर्न गठन भएको समितिको सिफारिस वमोजिम स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदानको लागि संघीय सशर्त अनुदानको रुपमा आ.व. २०८१/८२ को लागि प्राप्त रकमबाट कार्यक्रम कार्यान्वयन पुस्तिकामा व्यवस्था भए वमोजिम भवन निर्माणको कार्य गर्न समितिले सिफारिस गरेका तपसिल वमोजिमका विद्यालयहरुमा ठेक्का मार्फत भवन निर्माणको कार्य अगाडि वढाउन सर्वसम्मत निर्णय गरियो । साथै ठेक्का लागि ठेक्काबाट घटेको रकमबाट समितिले प्राथमिकताक्रम निर्धारण गरेका विद्यालयहरु निर्माण तथा मर्मत कार्यमा खर्च गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | विद्यालयहरुको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री बाल सुधार प्रा.वि. | झिमरुक गा.पा. -६ थारुखर्क |
| २ | श्री अमर प्रा.वि. | झिमरुक गा.पा. -१,बालुवा |
| ३ | श्री .बालज्योति आ.वि. | झिमरुक गा.पा. -३,कुटेडाडा |

**प्रस्ताव नं. ३ चिस्यान केन्द्र सञ्चालन सम्वन्धमा ।**
**निर्णय नं. ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा झिमरुक गाउँपालिका वडा नं. ५ मा चिस्यान केन्द्रको भवन निर्माणको कार्य सम्पन्न भएको हुँदा उक्त चिस्यान केन्द्रको लागि आवश्यक पर्ने विद्युत जडान, जेनेरेटर खरिद लगायतका सामाग्रीहरुको नियमानुसार व्यवस्थापन गरी यथासिघ्र सञ्चालनमा ल्याउने सर्वसम्मत निर्णय गरियो ।

बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ४ क्रसर उद्योग सञ्चालन सम्वन्धमा ।**

**निर्णय नं. ४**

प्रस्ताव नं ४ माथि छलफल गर्दा भिमरुक गाउँपालिका वडा नं. ३ स्थित लामासेरा क्षेत्रको साठीमुरे भन्ने ठाउँमा क्रसर उद्योग सञ्चालन गर्ने गरी प्रक्रिया अगाडि बढेको जानकारी आए पछि तत्काल यस गाउँपालिकाले जिल्ला समन्वय समिति, प्युठानका प्रमुखसँग समन्वय गरी संयुक्त रुपमा स्थलगत अध्ययन गर्दा उक्त स्थानको जग्गा लिजमा लिई उद्योगसँग सम्वन्धित मेसिन जडान गर्ने कार्य समेत अगाडि बढेको पाईएकोमा स्थानीय सरकारसँग सञ्चालन अनुमतिको लागि कुनै पनि निवेदन पेस नगरेको अवस्थामा, के कति प्रक्रिया पुरा गरी के कस्तो ढंगले सो उद्योग सञ्चालन हुँदै छ भन्ने विषयमा एकिन गर्नको लागि नदीजन्य तथा खानी जन्य पदार्थ जिल्ला अनुगमन समिति, प्युठानको बैठक बसी कार्यदल गठन गरी छानविन प्रक्रिया अगाडि बढाएकोमा सो समितिको प्रतिवेदनबाट गौमुखी एग्रीगेट कम्पनीलाई बालुवा, गिट्टी, माटो प्रशोधन गरी बिक्री वितरण समेत नियमानुसार गर्ने भाषा राखी भिमरुक ३ का वडा अध्यक्षले कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंलाई मिति २०८०/२/१७ मा तथा विद्युत प्राधिकरण शाखा कार्यालय, विजुवारलाई समेत उद्योगमा विद्युत लाईन जडानको सिफारिस गरेको बुझिन आयो । जिल्लाले गठन गरेको कार्यदलले समेत सो उद्योग नियम संगत ढंगले प्रक्रिया पुरा नगरी सञ्चालन भएको भनी गाउँपालिकालाई समेत प्रतिवेदन बुझाई सकेको अवस्थामा थप स्पष्ट हुन सो उद्योग के कसरी कुन मापदण्ड पुरा गरी सञ्चालन गरिएको हो ? आवश्यक कागजात सहित यथासिघ्र गाउँपालिकाको कार्यालयमा उपस्थित हुन उक्त कम्पनीलाई लिखित जानकारी गराउने भनी मिति २०८१/२/६ गतेको निर्णय समेत संलग्न गरी पत्राचार गरिएकोमा उक्त क्रसर उद्योग दर्ता तथा सञ्चालनसँग सम्वन्धित कागजातहरु प्राप्त नभएको हुँदा पुनः पत्राचार गरी उद्योग दर्ता तथा सञ्चालनसँग सम्वन्धित कागजातहरु माग गर्ने र उद्योग दर्ता तथा सञ्चालनसँग सम्वन्धित प्रर्याप्त कागजातहरु पेस हुन नआएमा सम्वन्धित निकायहरुमा नियमानुसारको कारवाहीका लागि लेखी पठाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५ झोलुङ्गे पुल सम्वन्धमा ।**

**निर्णय नं ५**

**प्रस्ताव नं. ५** माथि छलफल गर्दा स्थानीय पूर्वाधार विभाग श्रीमहल,पुल्चोक,ललितपुरको च.नं. ९५ मिति २०८१/०७/०८ गतेको प्राथमिकताका आधारमा झोलुङ्गे पुल मागको विवरण उपलब्ध गराउने सम्वन्धी प्राप्त पत्रानुसार तपसिल वमोजिमका झोलुङ्गे पुलहरुलाई छनोट गरी प्राथमिकताक्रममा राखी स्थानीय पूर्वाधार विभाग श्रीमहल, पुल्चोक, ललितपुरमा माग विवरण पठाउने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स | प्राथमिकताक्रम | झोलुङ्गे पुलको नाम | ठेगाना |
|---|---|---|---|
| १ | १ | विड्डाँडा हल्दारनिचौर झोलुङ्गे पुल निर्माण | भिमरुक-१ |
| २ | २ | ढाकेडिही रिपापाखा झोलुङ्गे पुल निर्माण | भिमरुक-३ र २ |
| ३ | ३ | स्यालपाखा दारिमचौर झोलुङ्गे पुल निर्माण | भिमरुक-३ र २ |
| ४ | ४ | फड्के हरिय झोलुङ्गे पुल निर्माण | भिमरुक-४र ५ |
| ५ | ५ | मच्छी प्लटिङ्ग ईलाका प्रहरी कार्यलय जोड्ने झोलुङ्गे पुल | भिमरुक-५ |
| ६ | ६ | दहखोला फड्के झोलुङ्गे पुल निर्माण | भिमरुक ६ |
| ७ | ७ | ढाडा पिडाल्ने झोलुङ्गे पुल निर्माण | भिमरुक-५ र ७ |
| ८ | ८ | व्याडा भिरानेटा झोलुङ्गे पुल निर्माण | भिमरुक-गा.पा .८ |
| ९ | ९ | ईश्नाखोला झोलुङ्गे पुल निर्माण | भिमरुक-गा.पा .८ |
| ११ | ११ | सावटा भिमरुक गा.पा. कार्यालय झोलुङ्गे पुल निर्माण | भिमरुक-५ |
| १२ | १२ | अगार तल्लो विसरे झोलुङ्गे पुल निर्माण | भिमरुक-४ |

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १३ | १३ | सयम्रे खहरे झोलुङ्गे पुल निर्माण | झिमरुक-४ र ५ |
| १४ | १४ | देउराली छापे झोलुङ्गे पुल निर्माण | झिमरुक-५ र ७ |
| १५ | १५ | जाबुने डाँडाखर्क झोलुङ्गे पुल निर्माण | झिमरुक -१ |
| १६ | १६ | कपिलपाटा चियापाटा झोलुङ्गे पुल निर्माण | झिमरुक -१ र ५ |

पर्यटन पवर्द्धनको लागि आवश्यक रहेका पर्यटन पूर्वाधार तर्फका झोलुङ्गे पुल

| क.स | प्राथमिकताक्रम | झोलुङ्गे पुलको नाम | ठेगाना |
|---|---|---|---|
| १ | १ | गाँडिकोट देखि खड्कोट पर्यटन झोलुङ्गे पुल निर्माण | झिमरुक-२ र ३ |
| २ | २ | मकावाङ देखि धँगे पर्यटन झोलुङ्गे पुल निर्माण | झिमरुक-६ |

**प्रस्ताव नं. ६.कार्यविधिहरु पारित सम्बन्धमा ।**
**निर्णय नं.६**

प्रस्ताव न ६ माथि छलफल गर्दा झिमरुक गाउँपालिकामा तपसिल वमोजिमका कार्यविधिहरुको मस्यौदा माथि मिति २०८१ ८ ११ गते विधेयक समितिमा समेत छलफल भई स्वीकृतको लागि सिफारिस भएका तपसिल वमोजिमका कार्यविधिहरुमा छलफल गरी सर्वसम्मत रुपमा पारित गरियो ।

**तपसिल**

१.बाली तथा पशुपन्छीको विमाको प्रिमियममा थप अनुदान उपलब्ध गराउने कार्यविधि, २०८१
२.कृषि तथा पशुपन्छी कृषक समूह/ फर्म दर्ता तथा नवीकरण सम्वन्धी कार्यविधि, २०८१
३.झिमरुक गाउँपालिका लिफ्ट खानेपानी तथा लिफ्ट सिंचाई आयोजना मा उपलब्ध सम्वनि कार्यविधि, २०८१
४.झिमरुक गाउँपालिका भित्र नक्सापास प्रक्रियामा नआई पहिले नै बनेका घरहरुको घरनक्सा अभिलेखीकरण सम्बन्धी कार्यविधि, २०८१
५.झिमरुक गाउँपालिकाको चिस्यान केन्द्र (Cold Store)सञ्चालन सम्बन्धी कार्यविधि, २०८१
६.एकल महिला भत्ता वितरण सम्वन्धी (कार्यक्रम कार्यान्वयन) कार्यविधि, २०८१

**प्रस्ताव नं. ७ आलुको विउमा अनुदान दिने सम्वन्धमा ।**
**निर्णय नं. ७**

प्रस्ताव नं ७ माथि छलफल गर्दा झिमरुक गाउँपालिका वडा नं. ३ को दारिमचौरदेखि ढाकेडीसम्मका आलु उत्पादन गर्ने किसानहरुले उद्योग लक्षित चिप्स,फ्रेन्च फ्राई लगायतका विभिन्न खाद्य वस्तुहरु बनाउन सकिने सृजिता जातको आलु प्रवर्द्धन कार्यक्रम अन्तर्गत आलुको विउ खरिद तथा ढुवानीमा अनुदान माग गरेका हुँदा तपसिल वमोजिमको शीर्षकबाट रकमान्तर गरी आलुको विउमा ५० प्रतिशत अनुदान र आलुको विउ ढुवानीमा शत प्रतिशत अनुदान उपलब्ध गराईएको रकम सर्वसम्वत रुपमा अनुमोदन गर्ने निर्णय गरियो ।

| क.स | साविकको कार्यक्रमको नाम | ठेगाना | रकम | क.स | ठेगाना | हाल रकमान्तर तथा संशोधन गरिएको कार्यक्रमको नाम | रकम |
|---|---|---|---|---|---|---|---|
| १. | कृषि व्यवसाय पवर्द्धन तथा बजार विकास कार्यक्रम (आलु) | झिमरुक गा.पा. | ८,००,०००। | १ | झिमरुक-३ | आलुको विउमा अनुदान कार्यक्रम | ६,२०,०००। |

**विविध (ज) योजना संशोधन तथा रकम रकमान्तर सम्बन्धमा ।**
**निर्णय नं. ८ ( ज )**

प्रस्ताव नं ८ (ज) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको आ.व. २०८१/८२ मा सञ्चालन गर्ने गरी विनियोजन गरिएको तपसिल वमोजिमको कार्यक्रमहरुबाट निम्न अनुसार शीर्षकमा रकम रकमान्तर तथा कार्यक्रम संशोधन गरी भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क.स | साविकको योजनाको नाम | ठेगाना | रकम | क.स | ठेगाना | हाल रकमान्तर तथा संशोधन गरिएको योजना/ कार्यक्रमको नाम | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | झिमरुक गाउँपालिका अन्तर्गतका विभिन्न शौचालय तथा भवन मर्मत | झिमरुक गा.पा. | ३,००,०००। | १ | झिमरुक गा.पा | नागरिक सहायता कक्ष लघुउद्यम तथा आर्थिक प्रशासन शाखा तयार | १,००,०००। |
| २ | दिहाल्ना भुङ्गी मोटरवाटो निर्माण तथा मर्मत | झिमरुक -८ | १,००,०००। | २ | झिमरुक-८ | वडा नं. ८ का सम्पूर्ण मोटरवाटो मर्मत | १,००,०००। |
| ३ | पोखरी वौडा तल्लो उपल्लो खा.पा. मर्मत | झिमरुक -४ | ३,००,०००। | १ | झिमरुक-४,बौडा | झिमसेन आ.वि. घेरावार | २,००,०००। |
| | | | | २ | झिमरुक-४,दोरलोटे | दोरलोटे खानेपानी मर्मत आयोजना | १,००,०००। |

**विविध झ) खानेपानी व्यवस्थापन सम्बन्धमा ।**
निर्णय नं. झ)

**प्रस्ताव नं ८ विविध (झ)** माथि छलफल गर्दा झिमरुक गाउँपालिका क्षेत्र अर्न्तगत तपसिल वमोजिका स्वस्थ्य संस्थाहरुमा व्यवस्थापन गरिएको खानेपानी आपूर्तिमा समस्या भएका कारण सेवा प्रवाहमा समेत समस्या भएको हुँदा प्राविधिक लागत अनुमान अनुसारको तपसिल वमोजिमको रकम झिमरुक गाउँपालिका भित्रका विभिन्न खानेपानी तथा सिंचाई मर्मत शीर्षकबाट खर्च व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क.स | स्वास्थ्य संस्थाको नाम र ठेगाना | प्राविधिक लागत अनुमान रकम रु |
|---|---|---|
| १ | तोरवाङ्ग स्वास्थ्य चौकी झिमरुक-६ | १८,५००। |

**विविध (ञ) गत आ.व.को भुक्तानी बाँकीको रकम भुक्तानी सम्वन्धमा ।**
**निर्णय नं. (ञ)**

**प्रस्ताव नं ८ (ञ)** माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको कार्यालयबाट आ.व. २०८०/८१ मा भुक्तानी गर्नु पर्ने भुक्तानी दिन बाँकी रहेका तपसिल वमोजिमका शीर्षकको रकम नियमानुसार भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क.स. | शीर्षकको नाम | भुक्तानी गर्नु पर्ने रकम |
|---|---|---|
| १ | अस्थाई प्रहरी पोष्ट झिमरुक-१,सौतामारेको विद्युत महशुल रकम | ३७,८६५। |

**प्रस्ताव नं. ८ विविध (क) प्रदेश सरकारबाट हस्तान्तरित सम्बन्धमा ।**

**निर्णय नं ८(क)**

प्रस्ताव नं. ८(क) माथि छलफल गर्दा आ.व. २०८१/८२ मा सञ्चालन हुने लुम्बिनी प्रदेश सरकारबाट हस्तान्तरित योजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गर्न नियमानुसार समिति गठन गरी कार्यान्वयनको प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

**विविध (ख) प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फका आयोजनाहरु कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय नं. ८ ( ख )**

प्रस्ताव नं ८ (ख)माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको आ.व. २०८१/८२ को लागि संघीय सर्शत अनुदानको रुपमा प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ विनियोजन भई प्राप्त भएको रकमबाट वडा समितिहरुबाट छनोट तथा निर्णय भई आएका आयोजनाहरु नियमानुसार कार्यान्वयनको प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

**विविध (ग) खानेपानी आयोजनाहरु मर्मत सम्बन्धमा ।**

**निर्णय नं. ८ ( ग )**

प्रस्ताव नं ८ (ग)माथि छलफल गर्दा झिमरुक गाउँपालिकामा खानेपानी आयोजनाहरुको मर्मत सम्भारको लागि प्रर्याप्त बजेट विनियोजन नभएको र तपसिल वमोजिमका खानेपानी आयोजनाहरुको चालु आ.व. २०८१/८२ मा नै मर्मत गर्नुपर्ने भएकोले खानेपानी तथा सरसफाई डिभिजन कार्यालय विजुवार, प्युठानमा माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स | आयोजनाको नाम | ठेगाना |
|---|---|---|
| १ | कुकुररगाडे धाराखोला खानेपानी मर्मत आयोजना | झिमरुक-१ |
| २ | खोप्चा काउले थापाचौर खानेपानी मर्मत आयोजना | झिमरुक-२ |
| ३ | कोईरा दारिमचौर खानेपानी मर्मत आयोजना | झिमरुक-३ |
| ४ | पोखरीचौर टाहारी गाउँपालिका जाने खानेपानी मर्मत आयोजना | झिमरुक-४ |
| ५ | आपचौर खानेपानी मर्मत आयोजना | झिमरुक-५ |
| ६ | लेख धारापानी खानेपानी मर्मत आयोजना | झिमरुक-६ |
| ७ | ढिका चौपारी लिफ्ट खानेपानी मर्मत आयोजना | झिमरुक-७ |
| ८ | कुरकुरे पाडेमेला टिमुरचौर अधुरो खानेपानी आयोजनाको टंकी निर्माण | झिमरुक-८ |
| ९ | तोरवाङ्ग स्वास्थ्य चौकी खानेपानी मर्मत आयोजना | झिमरुक-६ |

**प्रस्ताव नं. ८ विविध (घ) फोहोर व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं. ८ (घ)**

प्रस्ताव नं. ८ विविध (घ) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको फोहोर व्यवस्थापनको लागि निर्माण भएको झिमरुक-५,बाँदिकोलाको डम्पिङ्ग साईटमा फोहोर व्यवस्थापन गर्न स्थानीय उपभोक्तहरुबाट अवरुद्ध भएका कारण फोहोर व्यवस्थापनमा समस्या भएको हुँदा फोहोर व्यवस्थापनको लागि उपयुक्त स्थानको छनोट तथा व्यवस्था मिलाउन तपसिल वमोजिमको कार्यदल गठन गर्ने सर्वसम्मत निर्णय गरियो । साथै उक्त कार्यदलले १५ दिनभित्र उपयुक्त स्थानको छनोट तथा व्यवस्था सहितको अध्ययन प्रतिवेदन पेस गर्ने निर्णय गरियो ।

**तपसिल**

१. श्री कृष्ण बहादुर जि.सी.आर्थिक समिति संयोजक एवं ७ नं. वडा अध्यक्ष- संयोजक

२. श्री दधिरारम पोखेल विधेयक समिति सयोजक एवं ५ नं. वडा अध्यक्ष -सदस्य

३. श्री सिताराम पोखेल बन वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक एवं ४ नं.वडा अध्यक्ष-सदस्य

प्रमुख प्रशासकीय अधिकृत

विविध ट) फोलुङ्गे पुलको म्याद थप सम्बन्धमा ।
निर्णय नं. ट)

**प्रस्ताव नं ८ विविध (ट)** माथि छलफल गर्दा मिति २०८१/०२/३० मा फिमरुक गाउँपालिका (पहिलो पक्ष) र Gaurav Nepal Engineer's(P)LTD, भरतपुरर चितवन (दोस्रो पक्ष)बिच JRM /SQ/GOODS/07/2080/81- Procurement of Fabricated Steel Parts Chisabang Trail Bridge सम्बन्धी ठेक्का सम्झौता भएकोमा सो सम्झौता वमोजिम Steel Parts मिति २०८१ असार ३१ गते भित्र उपलब्ध गराउनु पर्नेमा अन्तिम परीक्षण तथा ढुवानीमा समस्या देखाउदै मिति २०८१/३/२४ मा प्रथम पटक २०८१ साउन ३२ गतेसम्मलाई म्याद थप मागेको साथै मिति २०८१ साउन ३२ गतेभित्र पनि आपूर्ति गर्न नसक्ने सोही कारण उल्लेख गर्दै म्याद थपको लागि भनी पुनः मिति २०८१ साउन २७ गतेको पत्रबाट मिति २०८१ असोज १९ गतेसम्मको लागि म्यादथप मागेकोमा प्राविधिक त्रुटीका कारण समयमा नै म्यादथप पत्र कार्यालयमा प्राप्त हुन नसकेको, मिति २०८१/६/१० गतेको पत्रानुसार कार्यसम्पादन सम्पन्न भएको जानकारी समेत प्राप्त भई रकम भुक्तानी समेत माग भई आएको हुँदा उल्लिखित सम्झौताको म्याद मिति २०८१ साउन १ गतेदेखि मिति २०८१ असोज १९ गतेसम्म थप गर्दै सम्पन्न कार्यको नियमानुसार भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

विविध ठ) न्यायिक समितिको निर्णय कार्यान्वयन सम्बन्धमा ।
निर्णय नं. ठ)

**प्रस्ताव नं ८ विविध (ठ)** माथि छलफल गर्दा झिमरुक गाउँपालिका वडा नं. ४ बस्ने बीर बहादुर घर्तिक्षेत्री समेत जना ३ पहिलो पक्ष र झिमरुक-४ बस्ने ललित बहादुर थापा दोस्रो पक्ष भएको सिंचाई कुलो विवादको झिमरुक गाउँपालिका न्यायिक समितिको मिलापत्र कार्यान्वयन नभएका कारण प्यूठान जिल्ला अदालतमा मुद्धा दायर भई मिति २०८०/२/२० गते न्यायिक समितिमा भएको मिलापत्र वमोजिम कार्यान्वयन गर्न दुवै पक्ष अदालतमा मञ्जुर भई मिलापत्र गरेकोमा मिलापत्रको निर्णय कार्यान्वयनको लागि च.नं.०६ (न्यायिक) मिति २०८१/८/१२ गते न्यायिक समितिवाट सिफारिस भई आएको हुँदा उक्त मिलापत्र कार्यान्वयनको लागि स्थलगत अनुगमन गरी वास्तविक बस्तुस्थिती बुझि १५ दिन भित्र प्रतिवेदन पेस गर्न तपसिल वमोजिमको कार्यदल गठन गर्ने सर्वसम्मत निर्ण्य गरियो ।

तपसिल

१.श्री धुवराज खनाल १ नं. वडा अध्यक्ष - संयोजक
२.श्री श्रीकृष्ण रिजाल मेलमिलापकर्ता - सदस्य
३.श्री सन्देश बोहरा ४ नं. वडा सचिव - सदस्य

अन्तमा आजको बैठक शौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ वमोजिम प्रमाणित गर्दछु ।

**प्रस्ताव नं. ८ विविध (ङ) सोलार बत्तीहरु मर्मत सम्वन्धमा ।**
**निर्णय नं. ८ (ङ)**

प्रस्ताव नं. ८ विविध (ङ) माथि छलफल गर्दा भिमरुक गाउँपालिकाबाट विगत आ.व.मा गाउँपालिकाको विभिन्न स्थानमा जडान गरिएका सोलार बत्तीहरु मर्मत गर्नुपर्ने देखिएको हुँदा उक्त सोलारबत्तीहरु मर्मतको लागि प्राविधिक टोली खटाई लागत अनुमान तयार गर्ने र प्राविधिक मुल्याङ्कन बमोजिम सोलार बत्ती मर्मत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ८ विविध (च) पदस्थापन सहमति सम्वन्धमा ।**
**निर्णय नं. ८ (च)**

प्रस्ताव नं. ८ विविध (च) माथि छलफल गर्दा लोक सेवा आयोग, दाङ कार्यालयबाट यस कार्यालयमा सिफारिस भई मिति २०७६/९/१८ गते नियुक्ति भएका र स्थानीय तहहरुको दोहोरो सहमतिका आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौंको च.न. १४८८ मिति २०७८/८/२० गतेको पत्रानुसार त्रिवेणी गाउँपालिका, रुकुम पश्चिममा कामकाज गर्न खटी जानु भएका प्रशासन सेवा, सामान्य प्रशासन समूह, सहायक पाँचौं तहका कर्मचारी संकेत नं. २३७२५९ का कर्मचारी श्री धनमाया ओलीले कर्णाली प्रदेश सरकारद्धारा जारी स्थानीय सेवाको गठन सञ्चालन र सेवाका सर्त सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन, २०८१ को पच्छेद १३ को दफा १३६ को उपदफा २ बमोजिम पदाधिकार रहेको स्थानीय तहको कार्यपालिकाको पदस्थापन सहमतिको निर्णय संलग्न राख्नु पर्ने व्यवस्था भएकोले कार्यपालिकाको सहमति मागको लागि मिति २०८१/७ /९ गते ईमेल मार्फत निवेदन पठाउनु भएको हुँदा निज कर्मचारीलाई कर्णाली प्रदेश, त्रिवेणी गाउँपालिका, रुकुम पश्चिम पदस्थापन हुन सहमति प्रदान गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो ।

**विविध (छ) गत आ.व.को भुक्तानी बाँकीको रकम भुक्तानी सम्वन्धमा**
**निर्णय नं. ८ ( छ )**

प्रस्ताव नं ८ (छ) माथि छलफल गर्दा भिमरुक गाउँपालिकाको आ.व. २०८१/८२ मा सञ्चालन गर्ने गरी विनियोजन गरिएको तपसिल वमोजिमको कार्यक्रमहरुवाट गत आ.व.२०८०/८१ को भुक्तानी दिन बाँकी रहेका निम्न अनुसार शीर्षकमा रकम रकमान्तर तथा कार्यक्रम संशोधन गरी भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क.स | साविकको कार्यक्रमको नाम | ठेगाना | रकम | क.स | ठेगाना | हाल रकमान्तर तथा संशोधन गरिएको कार्यक्रमको नाम | रकम |
|---|---|---|---|---|---|---|---|
| १. | कृतिम गर्भाधारण कार्यक्रम सञ्चालनका लागि सिमेन तथा नाइट्रोजन खरिद ढुवानी सहित | भिमरुक गा.पा. | ३,००,०००। | १ | भिमरुक गा.पा. | कृतिम गर्भधारण मिसन कार्यक्रम | २,००,०००। |
| २. | नमुना तथा आवासिय विद्यालयका लागि प्रारम्भिक कार्य सञ्चालन तथा व्यवस्थापन सहयोग | भिमरुक गा.पा. | ८,००,०००। | | भिमरुक गा.पा. | स्थानीय विषयका पाठ्यपुस्तक छपाई तथा निर्माण | १,२७,१२५। |

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत